# लोक सेवा आयोग

## केन्द्रीय कार्यालय, अनामनगर

### *सूचना तथा प्रकाशन शाखा*

## राजपत्रांकित तृतीय श्रेणी (प्राविधिक) जेष्ठता र कार्य सम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाको सूचना

**सूचना नं. ३५१/०७४-७५**

जेष्ठता र कार्यसम्पादन मूल्याङ्कनद्वारा हुने बढुवाबाट पूर्ति गर्नुपर्ने राजपत्रांकित तृतीय श्रेणी, शाखा अधिकृत वा सो सरह (प्राविधिक) तर्फका देहायका पदहरुका लागि निजामती सेवा ऐन, २०४९ (चौथो संशोधन) को दफा २४ घ१क बमोजिम सम्भाव्य उम्मेदवारहरुले लोक सेवा आयोगबाट निर्धारित दरखास्त फाराममा उल्लेखित विवरण खुलाई मिति २०७४/९/४ सम्ममा दरखास्त दिनुहुन सूचना गरिन्छ।

दरखास्त फाराम लोक सेवा आयोगको वेबसाइट www.psc.gov.np बाट डाउनलोड गर्न सकिनेछ। सम्बन्धित उम्मेदवारले एकप्रति दरखास्त फाराम स्पष्टसँग भरी दरखास्त पेश गर्ने अन्तिम मितिभित्र काठमाडौं उपत्यकाको हकमा दरखास्त व्यवस्थापन केन्द्र, अनामनगर र काठमाडौं उपत्यका बाहिरको हकमा आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुमा दरखास्त बुझाई सक्नु पर्नेछ। म्याद नाघी प्राप्त हुन आएका दरखास्त उपर कुनै कारबाही गरिने छैन।

यसरी पर्न आएका दरखास्तहरु आयोगका क्षेत्रीय निर्देशनालयहरु तथा अञ्चल कार्यालयहरुले दरखास्त व्यवस्थापन केन्द्र, अनामनगरमा पठाउनेछन् र यसरी प्राप्त हुन आएका दरखास्त फारामहरुलाई दरखास्त व्यवस्थापन केन्द्रले बढुवा सूचना नम्बर अनुसार संकलन गरी एकमुष्ट रुपमा सम्बन्धित बढुवा समितिको सचिवालयमा पठाउने प्रबन्ध गर्नेछ।

**उम्मेदवारहरुले दरखास्त दिँदा ध्यान दिनुपर्ने विषयहरु**

(क) निजामती सेवा ऐन, २०४९ को दफा २१ बमोजिम बढुवाको लागि उम्मेदवार हुन चाहिने न्यूनतम सेवा अवधि पुगेको हुनुपर्ने र सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा कम्तीमा प्रमाणपत्र तह वा सो सरहको शैक्षिक योग्यता पुगेको हुनु पर्नेछ।

(ख) निजामती सेवा ऐन, २०४९ को दफा २२ बमोजिम बढुवाको लागि सम्भाव्य उम्मेदवार हुन अयोग्य नभएको हुनु पर्नेछ।

(ग) दरखास्त फाराम भर्दा निजामती किताबखानाबाट आफूले पाएको संकेत नम्बर अनिवार्य रुपमा उल्लेख गर्नु पर्नेछ।

(घ ) समकक्षता निर्धारण गर्नुपर्ने शैक्षिक योग्यताको हकमा समकक्षता निर्धारण गरेको प्रमाणित प्रतिलिपि अनिवार्य रुपमा पेश गर्नु पर्नेछ।

(ङ) बढुवा हुने पदभन्दा एक श्रेणी मुनिको पदमा सम्बन्धित सेवा, समूह वा उपसमूहसँग सम्बन्धित विषयमा एक महिना वा सोभन्दा बढीको सेवाकालीन तालिमको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ।

(च) दरखास्त फारामको सम्पूर्ण महलहरुमा उल्लेख भए बमोजिमका विवरणहरु स्पष्ट खुलाउनु पर्नेछ।

(छ) दरखास्त दस्तुर रु. १०००।- (एक हजार) बुझाउनु पर्नेछ।

## विवरण

| सि.नं. | बढुवा सूचना नं. | पद, सेवा, समूह, उपसमूह | पद संख्या |
|---|---|---|---|
| १. | १४७/०७४-७५ | तथ्याङ्क अधिकृत, आर्थिक योजना तथा तथ्याङ्क, तथ्याङ्क | २ (दुई) |
| २. | १४८/०७४-७५ | इञ्जिनियर, इञ्जि., सिभिल, जनरल | ५ (पांच) |
| ३. | १४९/०७४-७५ | इञ्जिनियर, इञ्जि., सिभिल, हाइवे | ६ (छ) |
| ४. | १५०/०७४-७५ | इञ्जिनियर, इञ्जि., सिभिल, स्यानिटरी | ७ (सात) |
| ५. | १५१/०७४-७५ | इञ्जिनियर, इञ्जि., सिभिल, वि.एण्ड आ. | ७ (सात) |
| ६. | १५२/०७४-७५ | इञ्जिनियर, इञ्जि., सिभिल, हाईड्रोपावर | १ (एक) |
| ७. | १५३/०७४-७५ | इलेक्ट्रिकल इञ्जिनियर, इञ्जि., इलेक्ट्रिकल, जनरल इलेक्ट्रिकल | १ (एक) |
| ८. | १५४/०७४-७५ | मेकानिकल इञ्जिनियर, इञ्जि., मेकानिकल, जनरल मेकानिकल | २ (दुई) |
| ९. | १५५/०७४-७५ | नापी अधिकृत, इञ्जि., सर्भे | ७ (सात) |
| १०. | १५६/०७४-७५ | कृषि प्रसार अधिकृत, कृषि, कृषि प्रसार | ८ (आठ) |
| ११. | १५७/०७४-७५ | बागवानी विकास अधिकृत, कृषि, बागवानी | ५ (पांच) |
| १२. | १५८/०७४-७५ | मत्स्य विकास अधिकृत, कृषि, मत्स्य | ३ (तीन) |
| १३. | १५९/०७४-७५ | पशु विकास अधिकृत, कृषि, लाईभस्टक पोल्ट्री एण्ड डेरी डेभलपमेन्ट | ६ (छ) |
| १४. | १६०/०७४-७५ | बाली विकास अधिकृत, कृषि, बाली विकास | १ (एक) |
| १५. | १६१/०७४-७५ | बाली संरक्षण अधिकृत, कृषि, बाली संरक्षण | ७ (सात) |
| १६. | १६२/०७४-७५ | योजना अधिकृत, कृषि, एग्.इको.मार्केटिङ्ग एण्ड स्टाटिस्टिक्स | ५ (पांच) |
| १७. | १६३/०७४-७५ | पशु चिकित्सक, कृषि, भेटेरिनरी | ७ (सात) |
| १८. | १६४/०७४-७५ | खाद्य अनुसन्धान अधिकृत, कृषि, खा.पो. तथा गु.नि. | १ (एक) |
| १९. | १६५/०७४-७५ | सहायक वन अधिकृत, वन, जनरल फरेष्ट्री | २१ (एक्काइस) |
| २०. | १६६/०७४-७५ | सर्भेक्षण/अनुसन्धान अधिकृत, वन, फरेष्ट रिसर्च | १ (एक) |
| २१. | १६७/०७४-७५ | सहायक भू-संरक्षण अधिकृत, वन, स्वायल एण्ड वाटर कन्जरभेशन | २ (दुई) |
| २२. | १६८/०७४-७५ | स.अ.अ/स.वै.अ., वन, वोटानी | २ (दुई) |
| २३. | १६९/०७४-७५ | स.व्य.अ./स.सं.अ./स.अ., वन, नेशनल पार्कस् एण्ड वाइल्ड लाइफ | १ (एक) |
| २४. | १७०/०७४-७५ | प्रशिक्षण/टेक्सटाइल अधिकृत, विविध | १ (एक) |
| २५. | १७१/०७४-७५ | महिला विकास अधिकृत, विविध | १ (एक) |
| २६. | १७२/०७४-७५ | विद्यालय निरीक्षक, शिक्षा, शिक्षा प्रशासन, निरीक्षण | १२ (बाह्र) |
| २७. | १७३/०७४-७५ | पुस्तकालय अधिकृत, शिक्षा, पुस्तकालय विज्ञान | १ (एक) |